# नेपाल सरकार
# स्वास्थ्य मन्त्रालय
# औषधि व्यवस्था विभागको

## Mifepristone र Misoprostol Combipack को प्रयोग/विक्रि वितरण सम्बन्धी अत्यन्त जरुरी सूचना

**"गर्भपतनका औषधि जथाभावी"** असुरक्षित ढंगले विक्री वितरण एवं प्रयोग भै जनस्वास्थ्यमा गम्भिर दुस्प्रभाव परेको सम्बन्धमा यस विभागको ध्यानाकर्षण भएको छ । यस विषयमा मिति २०७२।०२।०७ मा औषधि व्यवस्था विभाग र मिति २०७३।०२।१० मा परिवार स्वास्थ्य महाशाखा, स्वास्थ्य सेवा विभागमा सरोकारवाला सबै पक्षहरुसंग भएको छलफल बमोजिम सरोकारवालाको समिति समेतले समन्वयात्मक तवरले अनुगमन गर्ने तय भएको छ । उक्त औषधिको सम्भावित अनुचित प्रयोग रोक्न चिकित्सकको प्रेस्क्रिप्शन विना विक्रि वितरण नगर्नु/नगराउनु हुन सबै स्वास्थ्यकर्मी, सेवा प्रदायक स्वास्थ्य संस्था, क्लिनिक, फार्मेसी (औषधि पसल) र उपभोक्ताको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

यो औषधिको समुचित प्रवर्द्धन, विक्रि वितरण एवं प्रयोग सुनिश्चत गर्न परिवार स्वास्थ्य महाशाखाले तोकेको खुद्रा फार्मेसी (औषधि पसल) सहितको नागरीक वडापत्र टाँस गरी संचालनमा आएका स्वीकृत सेवा प्रदायक स्वास्थ्य संस्था वा क्लिनिकले प्रेस्कृप्शन सहितको विक्रि वितरण अभिलेख अद्यावधिक राख्नु हुन र यो अभिलेखको आधारमा सो औषधिको सम्बन्धित उत्पादक, वितरक र सेवा प्रदायक समेतले ६/६ महिनामा अद्यावधिक खपत विवरण यस विभागमा पेश गर्नहुन यो सूचना प्रसार गरिएको छ ।

सुरक्षित गर्भपतनको लागि Maripist, Pregno, Medabon र MTP Kit प्रचलनमा रहेकोमा गुणस्तरहीन चोरी पैठारीका (SSFFC) अन्य ब्राण्ड पनि ग्रैह्र कानूनी किसिमले प्रयोग गर्ने, गराउने गर्दा जनस्वास्थ्यमा असुरक्षा उत्पन्न हुने स्वतः स्पष्ट छ । कार्यक्रमले तोकेको औषधि फार्मेसी सहितको तोकेको सेवा प्रदायकले माथि उल्लेख भएको विधिसंगत विक्रि वितरण एव. प्रयोग बाहेक अन्यथा हुनेगरी भएका काम कार्य औषधि ऐन, २०३५ दफा ३४ बमोजिम दण्डनीय भएकोले सम्बन्धित सबैको जानकारीको निमित्त यो सूचना गरिएको छ ।